*<u>जिल्ला समन्वय समिति (बोर्ड)को बैठक संख्या ४० मिति २०८२ चैत्र २६ गतेको बैठकका प्रस्ताव तथा निर्णयहरु</u>*

**बैठक सङ्ख्याः** ४०

**मितिः** वि.सं. २०८२ चैत्र २६ गते बिहीबार

*ने.सं. ११४६ चौलागा ससमी*

**स्थानः** जि.स.स. बैठक कक्ष

<table>
<tr><th>सि.नं</th><th>प्रस्ताव</th><th>निर्णयको बेहोरा</th></tr>
<tr><td>१)</td><td>निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा</td><td>जिल्ला समन्वय समितिको बैठक संख्या ३९ मिति २०८२ माघ २० गते बसेको बैठकका निर्णयहरुको कार्यान्वयन प्रगतिको सम्बन्धमा जिल्ला समन्वय अधिकारीद्वारा प्रस्तुत विवरण माथि छलफल तथा समीक्षा गरियो। कार्यान्वयन नभएका निर्णयहरु शीघ्र कार्यान्वयनको वातावरण मिलाउने ।</td></tr>
<tr><td>२)</td><td>मौज्दात कोषबाट सञ्चालिनमा रहेका आयोजनाको रकम निकासा सम्बन्धमा</td><td>जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम कार्यक्रम/आयोजना छनौट भई कार्यान्वयनमा रहेका तपसिल बमोजिमका आयोजनाको कोषबाट रकम निकासाका लागि अनुरोध भई आएकोमा देहाय बमोजिमका आयोजनाको रकम ऐ. निर्देशिका र द्विपक्षीय सम्झौता बमोजिम निकासा दिने ।<br><br>
१. नेचासल्यान गाउँपालिका, सोलुखुम्बु
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>सम्झौता मिति</th><th>लागत रकम</th><th>जिससले बेहोर्ने रकम</th><th>अघिल्लो निकासा</th><th>निकासा गर्ने रकम</th><th>भौ. प्रगति</th><th>किस्ता</th></tr>
<tr><td>१</td><td>५ नं. वडा कार्यालय भवन निर्माण</td><td>२०७९/०२/१७</td><td>६९,६९,५८१</td><td>४१,८१,७४९</td><td>१२,५४,५२५</td><td>२९,२७,२२४</td><td>१००%</td><td>अन्तिम</td></tr>
</table>
२. थुलुङदुधकोशी गाउँपालिका, सोलुखुम्बु
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>सम्झौता मिति</th><th>लागत रकम</th><th>जिससले बेहोर्ने रकम</th><th>अघिल्लो निकासा</th><th>निकासा गर्ने रकम</th><th>भौ. प्रगति</th><th>किस्ता</th></tr>
<tr><td>१</td><td>१ नं. वडा कार्यालय भवन मर्मत</td><td></td><td>१६,००,०००</td><td>८,००,०००</td><td>०</td><td>८,००,०००</td><td>१००%</td><td>अन्तिम</td></tr>
</table></td></tr>
<tr><td>३)</td><td>जि.स.स. सदस्यहरु द्वारा भएको अनुगमन प्रतिवेदन सम्बन्धमा</td><td>नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का साथै नेपाल सरकार तथा कोशी प्रदेश सरकारका प्रचलित कानूनले जिल्ला समन्वय समितिलाई तोकेका काम, कर्तव्य र अधिकारलाई प्रभावकारी बनाउन जिल्लास्थित सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाद्वारा सञ्चालित विकास तथा कार्यक्रमहरुको कार्यान्वयनको अनुगमन मूल्याङ्कन तथा समन्वय गरी प्रतिवेदन गर्न जिल्ला समन्वय समितिको मिति २०८२।०४।०४ को निर्णयानुसार जिल्ला समन्वय समितिका सदस्यहरुको कार्यक्षेत्र विभाजन गरिएकोमा सोही बमोजिम पेश भएको लिखित/मौखिक प्रतिवेदन माथि समीक्षा तथा छलफल गरी सोही बमोजिम स्थानीय तहलाई सुझाव पठाउने ।</td></tr>
<tr><td>४)</td><td>स्थानीय तहमा अनुगमन गरी सुझाव</td><td>नेपालको संविधानको धारा २२० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ तथा कोशी प्रदेश सरकारको प्रचलित कानुनले जिल्ला समन्वय समितिलाई दिएको अधिकार बमोजिम जिल्लाभित्रका गाउँपालका र नगरपालिका बीच समन्वय र विकास निर्माण कार्यमा सन्तुलन कायम भए नभएको सम्बन्धमा जिल्ला समन्वय समितिका सदस्यहरुलाई तोकिएको</td></tr>
</table>

| | | |
|---|---|---|
| | पठाउने सम्बन्धमा | कार्यक्षेत्र बमोजिम र जिल्ला समन्वय समितिको कार्यालयबाट आवश्यकतानुसार सबै गाउँपालिका तथा नगरपालिकाको विभिन्न माध्ययमबाट अनुगमन गरी विकास निर्माण कार्यमा सन्तुलनका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा पूर्व नै सुझाव सहितको प्रतिवेदन पठाउने । |
| ५) | अन्तरस्थानीय तह सहकार्य तथा साझेदारी क्षेत्र पहिचान सम्बन्धमा | जिल्लाका गाउँपालिका तथा नगरपालिकाले लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह गर्न सीमा जोडिएका/नजोडिएका गाउँपालिका/नगरपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा बृहत पूर्वाधार निर्माण, विपद् व्यवस्थापन, फोहरमैला व्यवस्थापन, दमकल तथा एम्बुलेन्स सञ्चालन, वातावरण संरक्षण लगायतका क्षेत्रमा आयोजना कार्यक्रम सञ्चालन गर्न साझेदारीको क्षेत्र पहिचान गरी कार्यान्वयन गर्न जिल्ला समन्वय समितिकोतर्फबाट आवश्यक समन्वय तथा सहजीकरण गर्ने । |
| ६) | ढुङ्गा गिट्टी बालुवा उत्खनन कार्य अनुगमन सम्बन्धमा | खानी तथा खनिज पदार्थ ऐन, २०४२ ऐ. नियमावली, २०५६ बमोजिम खानी तथा भूगर्भ विभागको सहमतिमा स्थानीय तहमा हाल साधारण निर्माणमुखी खनिज पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, साधारण माटो लगायत) को उत्खनन अनुमती प्रदान हुँदै आएकोमा कतिपय स्थानमा अनाधिकृत खानी सञ्चालन सम्बन्धी उजुरी खानी तथा भूगर्भ विभागमा प्राप्त भएकाले अनुगमनका लागि च.नं. ७१९ मिति २०८२।०६।२८ को पत्रबाट लेखी आएको साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ बमोजिम जिल्ला अनुगमन समितिले सिफारिस सहितको अनुगमन प्रतिवेदन कार्यान्वयनका लागि स्थानीय तहमा पठाउनुपर्ने व्यवस्था बमोजिम अनुगमनका लागि जिल्ला स्थित सबै गाउँपालिका तथा नगरपालिकाबाट विवरण माग गर्ने साथै जिल्ला समन्वय समितिका सदस्यहरुले समेत सो सम्बन्धी जानकारी प्राप्त गरी जिल्ला अनुगमन समितिलाई आवश्यक सूचना तथा सहयोग उपलब्ध गराउने निर्णय गरियो। |
| ७) | स्थानीय तहहरु बीच राउण्ड बैठक अवधारणा कार्यान्वयन | जिल्लास्थित गाउँपालिका तथा नगरपालिकाहरुबाट सम्पादित असल अभ्यास तथा अनुभव आदान प्रदान कार्यलाई प्रभावकारी बनाउन जिल्ला समन्वय समितिको कार्यालयको संयोजन/आयोजनामा सबै गाउँपालिका तथा नगरपालिकामा पालैपालो स्थलगत अवलोकन तथा बैठक अन्तरक्रिया गर्ने गरी जनप्रतिनिधि तह, प्रमुख प्रशासकीय अधिकृत तह, विषयगत शाखा/इकाई तह समेत विभिन्न समूहमा अनुभव तथा असल अभ्यास आदान प्रदान राउण्ड बैठक सम्बन्धी अवधारणा स्वीकृत गरी स्थानीय तहसँगको समन्वय र साझेदारीमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो। |
| ८) | राष्ट्रिय आर्थिक गणना अभियान सम्बन्धमा | राष्ट्रिय आर्थिक गणना अभियान २०८२ कार्यका लागि जिल्ला आर्थिक गणना कार्यालय स्थापनाका लागि अनुरोध भई आएकोमा उक्त कार्यालय स्थापना तथा सञ्चालनका लागि कार्यालय प्रयोजनका लागि जिल्ला समन्वय समितिको कार्यालय भवनको मुख्य ब्लकको दुई वटा कोठा प्रयोग गर्न कार्यालय प्रमुखबाट दिइएको अनुमति अनुमोदन गर्ने। यही २०८३ बैशाख २ गतेदेखि असार ७ सम्म सञ्चालन हुने **राष्ट्रिय आर्थिक गणना अभियान** लाई सफल बनाउन जिल्ला समन्वय समितिका सदस्यहरुले समेत आ-आफ्नोतर्फबाट आवश्यक प्रचारप्रसार र सहजीकरण गर्ने साथै गणक तथा सुपरीवेक्षकहरुलाई स्थानीय तहबाट समेत आवश्यक सहजीकरणका लागि कार्यालयकोतर्फबाट पत्राचार गर्ने । |